# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७८/०७९
च.न.:

## सहायक स्तर (चौथो र पाँचौं) तहमा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पठक सूचना प्रकाशित मिति : २०७८/१२/१५)

यस नगरपालिका क्षेत्रमा राष्ट्रिय भूमी आयोगद्वारा उपलब्ध गराउने जग्गाको विवरण संकलन लगायतका कार्य सञ्चालनका लागि निम्नानुसारका पदहरुमा २०७९ असार मसान्त सम्मका लागि करार सेवा प्रकृयाद्वारा कर्मचारी छनौट गरी कामकाजमा लगाउनु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र यस कार्यालयबाट उपलब्ध हुने दरखास्त फाराम, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | पद संख्या |
|---|---|---|---|
| १ | ११/२०७८-०७९ | सहायक स्तर पाँचौं | १ |
| २ | १२/२०७८-०७९ | सहायक स्तर चौथो | ४ |
| ३ | १३/२०७८-०७९ | इन्जि/सर्भे/अमिन (चौथो ) | २ |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव :**

**क) सहायक स्तर पाँचौं पदका लागि :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र (+2) तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने ।
- कम्प्युटर सम्बन्धी आधारभूत सीप (नेपाली अंग्रेजी टाइप गर्न सक्ने) प्राप्त गरेको हुनुपर्ने ।

**ख) सहायक स्तर चौथो पदका लागि :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी / एस.इ.इ तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने ।
- कम्प्युटर सम्बन्धी आधारभूत सीप (नेपाली अंग्रेजी टाइप गर्न सक्ने) प्राप्त गरेको हुनुपर्ने ।

**ग) इन्जि/सर्भे/अमिन पदका लागि :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी/एस.इ.इ तह वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा आधारभूत तालिम लिई टि.एस. प्रयोग गर्न सक्ने हुनुपर्ने ।

**२. उमेर** : कम्तीमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने ।

**३. आवेदन दिने अन्तिम मिति** : २०७८/१२/२९ गते मंगलबार कार्यालय समयभित्र ।

**४. आवेदन दस्तुर** : रु. ५००।- (देवचुली नगरपालिकाको राजस्व शाखामा बुझाउनुपर्नेछ ।)

**५. छनौट प्रकृया** : सहायक स्तर चौथो र पाँचौं पदका लागि लिखित, कम्पुटर सीप परीक्षण र अन्तरवार्ता, अमिन पदको हकमा अन्तरवार्ता र टि.एस.मेसिन सीप परीक्षण (यसमा उल्लेखित बाहेक अन्य कुराको हकमा देवचुली नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम हुने छ । )

**६. सम्पर्क मिति** : २०७८/१२/३० गते बुधबार ।

**७. पाठ्यक्रम तथा परीक्षा मिति** : सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**८. आवेदनका साथ संलग्न कागजातहरु** : आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम प्रमाणपत्रको प्रतिलिपिहरु :

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ख) व्यक्तिगत विवरण (CV)
ग) न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
घ) कम्प्युटर सम्बन्धि आधारभूत सीप खुल्ने प्रमाणपत्रहरुको प्रतिलिपि
ङ) पासपोर्ट साईजको रङ्गिन फोटो ३ प्रति ।

**९. सेवा सुविधा तथा** : कार्यालयको नियमानुसार ।

.............................